स.वि.द.नं. ३१०/०४९/०५०
NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं. ६६।०८४।०८३

मितिः २०८२।०६।३०

श्रीमान् रजिष्ट्रारज्यू,
सहकारी विभाग, नेपाल सरकार,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
नयाँ बानेश्वर काठमाण्डौ

**विषयः ध्यानाकर्षण सहित सहजीकरण सम्बन्धमा ।**

त्यस सहकारी विभाग (प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा) को च.नं. २९७, मिति २०८२।०५।१३ को नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. लाई र यसैगरी सहकारी विभाग (प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा) को च.नं. २९८, मिति २०८२।०५।१३ को राष्ट्रिय सहकारी बैंकलाई एवम् पुनः सहकारी विभाग (प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा) को च.नं.३८३, मिति २०८२।०६।०५ को राष्ट्रिय सहकारी बैंक समेतका नाममा प्रेषितपत्रहरु बोधार्थका रुपमा राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुरमा (सहजीकरणका लागि) प्राप्त पत्रहरु अध्ययन गरी छलफल गर्दा यस महासंघ गम्भिर रहनुका साथै, उक्त गाम्भिर्यता सन्दर्भमा निम्नलिखित विषयहरु सहजीकरण लागि उल्लेख गर्दछौं ।

सहकारी अखबार

१. सहकारी विभाग (प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा) उल्लेखित पत्रहरुको व्यहोरा विभागमा भएको अफिस प्रतिबाटै स्पष्ट हुने हुँदा यहाँ उल्लेख गरिएको छैन ।

२. सर्वप्रथम, सहकारी ऐन, २०७४ (२०७४ कात्तिक १) तथा सहकारी नियमावली २०७५ (२०७६ बैशाख २३) प्रमाणीकरण र प्रकाशन भएको सन्दर्भलाई यहाँ जोड्न चाहन्छौं । सहकारी ऐन र सहकारी नियमावलीहरु कार्यान्वयनका सन्दर्भबाट समयानुकूल परिमार्जन हुँदै हालको प्रचलित कानून रहिआएको यथार्थतालाई भुल्नु हुदैन र भुल्न सकिदैन ।

३. नेपालको संविधानको धारा २९६ को उपधारा(१) बमोजिम व्यवस्थापिका संसदले यो ऐन बनाउँदा ऐनको प्रस्तावनाः गम्भिर र महत्वपूर्ण रुपमा रहेको स्मरण गराउन चाहन्छौ । यसका साथसाथै सहकारी ऐन, २०७४ परिच्छेद १ देखि परिच्छेद २० सम्म र सहकारी नियमावली, २०७५ को परिच्छेद १ देखि परिच्छेद १४ साथै (अनुसुची १ देखि अनुसुची १३) का क्रमानुसार रहेका समग्र व्यवस्थाहरुलाई समेत पुनः हामीहरुले सचेततापूर्वक स्मरण गर्नैपर्ने हुन्छ । हरेक प्रक्रियाहरु ऐन नियमावलीका आधारमा नै निहित भएकै हुनुपर्छ र गरिनु पर्दछ ।

४. सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ का हरेक दफा र नियम भन्दा बाहिर सहकारी अभियानहरु नरहेको विषयहरु सर्वविदितै छ । हामीहरुको परिपत्र, पत्राचार र जानकारी सम्वादहरु सबै विधि पद्धति नियम अनुरुप नै हुँदै आएको विगतका परम्पराहरुलाई

Pulchowk, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncfcoop@gmail.com
www.ncfnepal.com.np

समेत स्मरण गर्दछौं । सार्थकताका लागि अग्रगमन खोज्दै जानुपर्ने नै आजको समग्र यर्थाथ मानक बन्नु पर्दछ । साथै हामी सबै कानूनी आधारमा सृजित भएकाहरु सबै ऐन कानुन र नियमावली क्रमानुसार नै हुँदै आएको, गरिदै आएको सत्यलाई अनदेखा गर्न सक्तैनौ ।

५. सहकारी संघ संस्थाहरुमा संचालकको नियुक्ति, योग्यता, अयोग्यता र सञ्चालक पदमा वहाल रहने वा नरहने जस्ता नीतिगत एवं व्याख्यात्मक प्रश्नमा निर्देशन वा परिपत्र जारी गर्दा त्यसले पार्ने दिर्घकालिन असर र प्रभाव समेतलाई मध्येनजर गर्दै सहकारी ऐन, २०७४ ले गरेका समग्र कानुनी व्यवस्थाहरु, नेपालको सहकारी अभियानमा हालसम्म भएका अभ्यास एवं राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता र प्रचलनहरु समेतका आधार कारणहरुबाट स्थापित भएकै हुनुपर्दछ ।

६. सहकारी ऐन, २०७४ ले सहकारी संघ/संस्थाहरुलाई प्रारम्भिक सहकारी संस्था, विषयगतरुपमा विभिन्न तहका सहकारी संघहरु, सहकारी बैंक र सबैको छाताको रुपमा राष्ट्रिय सहकारी महासंघको तहगत र संरचनागत व्यवस्था गरेको छ । यी प्रारम्भिक सहकारी संस्था, संघ र सहकारी बैंक समेतलाई ऐनको दफा २(फ) ले सहकारी संस्था भनी परिभाषित गरेको छ । सहकारी ऐनको दफा ३,४,५,६,७,८,९,१०,११ र १२ मा विभिन्न तहका सहकारी संस्था, संघ, सहकारी बैंक र महासंघ गठन हुने र गठन गर्न नसकिने कानुनी प्रावधानहरु रहेका छन । त्यसैगरी, ऐनको परिच्छेद ५ मा सदस्यता सम्बन्धी व्यवस्था रहेको र सो अन्तर्गत दफा ३३ मा विभिन्न तहका विषयगत सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ र सहकारी बैंकमा सहकारी संस्थाहरुमात्र संस्थागत हैसियतमा सदस्य बन्न सक्ने विद्यमान कानुनी व्यवस्था रहेको देखिन्छ ।

सहकारी अखबार

यसरी प्रचलित कानूनी प्रावधानहरु अनुरुप नै संस्थागत सदस्यको गठन प्रक्रियाहरु सम्बन्धित सहकारी संघ, सहकारी बैंक र सहकारी महासंघमा तिनका सदस्य संघ, संस्थाको प्रतिनिधित्व सदस्य संस्थाका आधिकारिक पदाधिकारी वा सञ्चालकहरुबाट नै हुँदै आएको सर्वविदितै छ ।

७. विभिन्न तहका विषयगत सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ र सहकारी बैंकको हकमा ऐनको दफा ३३ बमोजिम सदस्य रहेका सहकारी संस्थाका आधिकारिक प्रतिनिधिहरुले ऐनको दफा ४१ बमोजिम साधारण सभाबाट सञ्चालक समितिको निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्था छ । सञ्चालक समितिको निर्वाचन गर्दा सोही दफा ४१ का विभिन्न उप-दफाहरुमा सञ्चालक समितिको संरचना, प्रतिनिधित्व एवं सञ्चालक बन्न पाउने र नपाउने अवस्थाका बारेमा उल्लेख गरिएको छ । जस अनुसार, दफा ४१ को उपदफा (४) मा कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्था वाहेक अर्को कुनै सहकारी संस्थाको सञ्चालक बन्न पाउने छैन भन्ने स्पष्ट उल्लेख छ । यस कानुनी व्यवस्थाले सहकारी संस्थाको सञ्चालक रहेको व्यक्ति सो संस्थाले सदस्यता लिएको अन्य कुनैपनि तहको सहकारी संघ/संस्थामा संस्थागत प्रतिनिधिका हैसियतमा

सञ्चालक बन्न सक्ने तर सो बाहेक अन्य सहकारी संस्थाको सञ्चालक बन्न नपाउने देखिन्छ । दफा ४१ को उपदफा (५) ले कुनैपनि व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको संञ्चालक हुन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी उपदफा(६) ले यो ऐन प्रारम्भ हुनुअघि एकभन्दा बढी संस्थाको सञ्चालक वा कर्मचारी भएमा १ वर्षभित्र कुनै एकमा सहकारी संस्थाको मात्र संचालक वा कर्मचारी रहनु पर्ने भन्ने व्यवस्था छ ।

८. नियमनकारी निकायबाट ऐनका व्यवस्थाहरु कार्यान्वयन गर्न निर्देशन वा परिपत्र जारी गर्दा सहकारी ऐनमा भएका सहकारी गठन र दर्ता का समग्र प्रावधानहरु समेतलाई अलग नगरी एकीकृत रुपमा हेरी राख्नु पर्दछ । त्यति मात्रै हैन सहकारी ऐनको दफा ४१ का विभिन्न उपदफाहरुमा उल्लेखित व्यवस्थाहरुलाई एकैसाथ राखी समग्र अर्थ र तात्पर्यको वास्तविक विश्लेषण गरी निर्देशन गरिनुपर्दछ जुन विधिसम्मत होस भन्ने नै यस महासंघको भनाई रहँदै आएको छ । तर, दफा ४१ को उपदफा (४) को व्यवस्था उल्लेख नगरी उपदफा (५) र दफा ४४ को खण्ड (ग) मात्र उल्लेख गरि कार्यान्वयनका लागि निर्देश गर्दा लाग्छ सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ भरखर मात्र कार्यान्वय हुदैछ । त्यसले सहकारी ऐन र सहकारी नियमावलीमा रहेका द्विविधा अस्पष्टता र दोहोरो अर्थ लाग्ने प्रावधानका छन भने त्यसलाई विधिसम्मत सम्वैधानिक न्यायिक निर्णयका आधारमा स्पष्ट समाधान खोजिनु पर्दछ । यसको वातावरण अगुवाई पहलकदमी पनि नियमनकारी निकायहरुबाटै हुनुको अलावा हालको परिपत्रले अन्यौलतामा मात्र हैन सहकारी अभियानलाई नै जटिलता तर्फ धकेल्दै जाने अवस्थाको सिर्जना गराउन खोजेको देखिन्छ ।

सहकारी अखबार

९. सहकारी ऐन २०७४को दफा ४४ मा सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था अन्तर्गत सोही दफाको खण्ड(ग) मा निज अर्को सहकारी संस्थाको सञ्चालक रहेमा सञ्चालक पदमा वहाल नरहने भन्ने उल्लेख भएको देखिन्छ ।

१०. सहकारी ऐनमा उल्लेखित प्रावधानहरुको समग्र अध्ययन विश्लेषण गर्दा यी कानुनी व्यवस्थाबमोजिम कुनै सहकारी संस्थाको सञ्चालकले आफ्नो संस्थाको संस्थागत प्रतिनिधित्व गर्दै संस्था सदस्य रहेको छाता सहकारी संघ/महासंघ वा सहकारी बैंकमा सञ्चालक बन्नमा कुनै रोक नलगाएको तर, सो अवस्थामा वाहेक कुनैपनि सहकारी संस्थाको सञ्चालक एकै समयमा एकभन्दा बढी सहकारी संस्थामा सञ्चालक बन्न नपाउने र यदि बनेको भएमा सञ्चालक पदमा कायम नरहने कानुनी व्यवस्था स्पष्ट छ । ऐनको दफा ४१ को उपदफा (४) को व्यवस्थालाई सोही ऐनको ४१ को उपदफा (५) र दफा ४४ को खण्ड(ग) ले खण्डित गरेको वा निषेध गरेको भनी अर्थ गर्न मिल्दैन ।

११. नेपालको सहकारी अभियानमा विगतदेखि हालसम्म अभ्यास हुँदै आएको सदस्य सहकारी संघ, संस्थाका सञ्चालकहरु छाता सहकारी संघ/महासंघ र सहकारी बैंकमा संस्थागत प्रतिनिधिका हैसियतमा सञ्चालक हुने अभ्यास रहि आएको छ, जुन आवश्यक र अपरिहार्य

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

समेत छ। ऐनको दफा ४१ को उपदफा (४) को व्यवस्था कार्यान्वयन नगरी उपदफा (५) र दफा ४४ को खण्ड ( ग) को व्यवस्था बमोजिम सदस्य सहकारी संस्थाको वहालवाला सञ्चालक छाता सहकारी संघ, सहकारी महासंघ र सहकारी बैंकमा सञ्चालक बन्न नपाउने भन्ने व्याख्या गर्ने हो भने कुनैपनि सहकारी संघ, सहकारी महासंघ र सहकारी बैंकको सञ्चालक समितिको संरचना नै बन्न नसक्ने र यस्तो व्याख्या ऐनको दफा ४१ को उपदफा (४) को कानुनी व्यवस्था विपरित समेत हुनजान्छ। सहकारी संस्थाको सञ्चालक आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्थामा सञ्चालक बन्नुपर्ने आवश्यकतालाई मध्यनजर गरेर नै ऐनको दफा ४१ को उपदफा (४) को व्यवस्था गरिएको हो। त्यसैगरी, एकै व्यक्ति एकै समयमा धेरै सहकारी संस्थाहरुमा सदस्य बन्ने गरेको विगतको गलत अभ्यास र विकृती रोक्न प्रारम्भिक सहकारी संस्थाहरुमा एक भन्दा बढी संस्थामा एकै समयमा सञ्चालक बन्न रोक लगाउने गरी ऐनको ४१ को उपदफा (५) र दफा ४४ को खण्ड (ग) को कानुनी व्यवस्था गरिएको हो।

सहकारी अखबार

१२. सहकारी विभाग (प्रशासन तथा सहकारी प्रर्वद्धन शाखा) को यस महासंघलाई प्राप्त वोधार्थका पत्रहरुले समग्र सहकारी अभियानमा भ्रम र अन्योलता सिर्जना गरेको हुँदा माथि विवेचना गरिए बमोजिम सहकारी ऐन, २०७४ ले व्यवस्था गरेका प्रावधानहरु तथा सहकारी नियमावली २०७५ ले निर्दिष्ट गरेका प्रक्रियाहरुको मर्म भावना सिद्धान्तहरुमा ग्रहण लगाउने प्रारुपको तयारी भएको अनुभुत गर्नसकिदैन र ? सहकारी ऐन, २०७४ परिच्छेद १ प्रारम्भिक परिभाषा र परिच्छेद २ सहकारी संघको गठन तथा दर्ता दफाहरु साथै परिच्छेद २० सम्मका समग्र व्यवस्थाहरु भित्र नै हामी सबै रहिरहेका छौ।

साथै सहकारी नियमावली, २०७५ को परिच्छेद १ देखि परिच्छेद १४ प्रक्रियागत प्रावधानहरुले स्पष्ट दिशा निर्देश गरिरहेकै अवस्थाबाट गुज्रिरहेका छौ। हालको विचमान ऐन कानुन अनुसार नै हामीहरु कानुनको परिपालना सदैव क्रियाशिल रहनु नै पर्दछ। साथै ऐन नियमावली दफा तथा नियमहरुलाई हामिहरुले आफूखुसी व्याख्या र विवेचना गर्दा ऐन र नियमको समग्रताको विषयलाई पन्छाउन मिल्दैन। यसरी पन्छाउने वा नादेख गर्ने गराउने विषय आफैमा कानुनको परिपालना हुनै सक्दैन।

यस कार्यले जटिलता तर्फ धकेल्ने र कानुनको शासनको उपहास हुन जाने कुराका लागि हामी सबै एक भई रोक्नु पर्दछ। सहकारी विभागका रजिष्ट्रार सहकारी ऐन २०७४ को परिच्छेद १६ र सहकारी नियमावली २०७५ को परिच्छेद १४ को नियम ७६ बमोजिम रहेको हामी सबैको बुझाई रहदै आएको छ। साथै यस राष्ट्रिय सहकारी महासघ पनि सहकारी ऐन २०७४ को दफा २६ बमोजिमका निरन्तर क्रियाशिल रहदै आएको विषयमा सहकारी विभागलाई समेत जगजाहेर नै रहेको छ।

१३ यस महासंघलाई प्राप्त (वोद्यार्थ पत्र) भएका सहकारी विभाग (प्रशासन तथा सहकारी प्रर्वद्धन शाखा) चलानी नं. २९७ र २९८ मिति २०८२ भाद्र १३ तथा चलानी नं ३८३ मिति २०८२ असोज ५ गतेका पत्रका विषयहरु सन्दर्भले द्विविधाहरु उत्पन्न हुने अवस्थामा तर्फ अगाडी वढाएको हो की भन्ने संसय पैदा गराएको छ । यस्ता विषयहरु प्रदेश स्तरमा पनि उठेका थिए र छन् । बेला बेलामा आफू अनुकुलता अवस्था सृजना हुँदा विद्यमान ऐन नियमहरुलाई आफू अनुकुल भाष्य सृजना गराई संसयहरु पैदा गराईने गरिएको देख्न पाईन्छ । जुन विधिको शासनको पूर्ण वर्खिलाप रहेको मान्न सकिन्छ र मान्नु पर्दछ ।

१४ सहकारी ऐन २०७४ का यहि विषयमा कुराहरु उठेर समाधान हुन नसकेको कारणले विगतमा सहकारी क्षेत्रका निरन्तर क्रियाशिल सहकारीकर्मीले अन्तिम व्याख्याको लागि मुद्दा न ०७७NWC-००२१ दर्ता मिति २०७७ असोज ३० मा सम्मानित सर्वोच्च अदालत सम्वैधानिक फाँटमा दर्ता भई, सम्वैधानिक इजलासमा (अन्तरिम आदेश रही) विचाराधिन रही रहेको रिट निवेदनका टुङ्गो लाग्न सबै लिखित जवाफहरु समेत पेश भईसकेको अवस्था रहेको रिटमा, नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिहदरबार, नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वर काठमाण्डौ समेत प्रत्यार्थी रहेको छ । यसर्थ पत्राचार भएको विषयहरु कै सन्दर्भमा सर्वोच्च अदालतमा विचाराधिन रही रहेको अवस्थामा आएको हामीलाई प्राप्त बोधार्थ पत्र बारे के कसो हो ? सो तर्फको अवस्थालाई समेत गहन विचार हुन स्मरण गराउन चाहन्छौं ।

सहकारी अखबार

यसर्थ विधि र कानूनको शासनलाई परिपालनाका लागि हाल सृजित गराईएको भ्रम र अन्योलता निवारण हामीहरु सबै पहल अनिवार्य रहेको समेत अनुरोध छ ।

रमेश प्रसाद पोखरेल
कार्यवाहक अध्यक्ष

**वोद्यार्थ**

१. सम्पूर्ण विषयगत केन्द्रीय सहकारी संघहरू,
२. राष्ट्रिय सहकारी बैंक लि.,
३. सम्पूर्ण प्रदेशस्तरीय सहकारी संघहरू,
४. सम्पूर्ण जिल्लास्तरीय सहकारी संघहरू ।